# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

(कानून महाशाखा)

पत्र संख्याः ०७७/७८
चलानी नं.: ४२

मिति : २०७७।४।२२

श्री वडा सचिव,
सवै वडा कार्यालय,
का.म.पा. ।

विषयः **निर्माण रोक्का सम्बन्धमा ।**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को दफा ५२ वमोजिम महानगरपालिका क्षेत्रभित्र नक्सापास वेगर, मापदण्ड विपरित निर्माण भएका भवनहरुको निर्माण रोक्का गर्न आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा रहेकोमा श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यूवाट मिति २०७६।१२।२४ मा वडा सचिवहरुलाई अधिकार प्रत्यायोजन गरिदा वुँदा नं. १० मा **"वडा क्षेत्रभित्र अनुमति विना भवन निर्माण गरेको छ छैन नियमित अनुगमन/सुपरिवेक्षणको प्रवन्ध मिलाउने र विना अनुमति निर्माण भईरहेको भए रोक्का राखी कारवाहीका लागि सिफारिश गर्ने"** भनी अधिकार प्रत्यायोजन भएको व्यहोरा सवै वडाका सचिवहरुलाई अवगतै छ । अतः उक्त प्रत्यायोजित अधिकार बमोजिम काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को दफा ५२ अनुसार निर्माण रोक्का सम्वन्धी कारवाही वडास्तरमै गरिदिनुहुन अनुरोध गरिन्छ ।

2066108122

वसन्त आचार्य
निर्देशक(कानुन)

**सादर अवगतार्थ**
१. प्रमुख प्रशासकीय अधिकृतज्यु : जानकारीका लागि ।

**वोधार्थ**
१. सूचना प्रविधि विकास शाखा : वेभसाईडमा अपलोड गरिदिनुहुन ।

बागदरवार, काठमाडौं, नेपाल, फोन नं. :+९७७-०१-४२३१४७७, फ्याक्स नं.:+९७७-०१-४२६८५०९
E-mail : ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, Website:www.kathmandu.gov.np